# ७ (क)

*[संवत् २०५४ सालको पुरस्कार 'जगदम्बा-श्री' प्राप्त गर्नुहुने श्री अम्बर गुरुङ विदेश भ्रमणबाट फर्कन ढीलो भएको कारण सोही सालको 'मदन पुरस्कार' 'विसर्जन' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री लोकेन्द्रबहादुर चन्दलाई समर्पण गर्न संवत् २०५५ साल आश्विन ३१ गतेका दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन। यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १५६ बाट उद्धृत गरिएको हो।]*

अध्यक्ष महोदय, उपस्थित महिला तथा सज्जनवृन्द !

मेरो औपचारिक काम यहाँहरूलाई धन्यवाद टक्र्याउनुसिवाय केही छैन। सबैलाई यथोचित धन्यवाद भनिदिए पुग्ने हो तापनि औपचारिकता पुऱ्याउने पनि भाँत हुन्छन्- केही न केही प्रक्रिया त पुऱ्याउनै पर्ने हुन्छ।

त्यसो भए थालूँ आजका उपस्थित बेहुलाबाट। 'मदन पुरस्कार' जस्तो नेपाली भाषा साहित्यमा इज्जतको चीज सम्झिइने पुरस्कार विजेता ग्रन्थको संरचनाले नेपाली वाङ्मयको श्रीवृद्धि गराउने साहित्यिक लेखक श्री लोकेन्द्रबहादुर चन्द पनि आफ्नो बडो व्यस्त समय भए पनि पाल्नु भई पुरस्कार ग्रहण गरिदिनुभएकोमा हार्दिक धन्यवाद र बधाई टक्र्याउँछु।

लोकेन्द्रबहादुरले बडो घतलाग्दो कुरा भन्नुभयो "राजनीतिमा अप्ठेरो पर्दा साहित्यको ओत लाग्ने साहित्यमा उपलब्धि नहुँदा राजनीतिमा छु भनी आत्मसन्तोष लिने" यो त अहिले थाहा भयो। हामीलाई त के थाहा थियो भने उहाँ आफ्नो अध्यवसायले कुशल पोख्त राजनीतिक खेलाडी हुनुहुन्छ- नत्र यतिकापल्ट कसरी प्रधानमन्त्री हुनुहुन्थ्यो ? साहित्यिक लेखनचाहिँ उहाँको लहड वा खेलबाडको कुरा जो जीवनक्रममा १०।८ प्रतिशत मात्र समयको दाबी गर्न सक्छ। त्यसो हुँदा यति सानो प्रतिशतको लहडबाजीले त 'मदन पुरस्कार'को इज्जत पाउन सक्यो भने धेरै प्रतिशतको अध्यवसायले सफलता पायो भन्नमा के आश्चर्य भयो र !

तर हामीले उहाँलाई राजनीतिज्ञ भनेर पुरस्कार टक्र्याएका हैनौं। त्यसैले हामीले उहाँलाई स्वतः प्राप्त माननीय वा पूर्व प्रधानमन्त्री आदि कुनै राजनैतिक लक्षणका सम्मानसूचक शब्दले सम्वोधन गर्नुपर्ने थियो तापनि शुद्ध "श्री" मात्रले- लेखक भनेर -सम्वोधन गर्ने घृष्टता गऱ्यौं। यसमा केही त्रुटी हुन गएको भए मैले क्षमा पाउनुपर्छ। तर मेरो धारणा के भने लेखक वा कविको हैसियतले विचार गर्दा श्री म.वी.वि. शाहलाई हामीले कहिल्यै राष्ट्रको सर्वोच्च सम्मानसूचक शब्दले बखान गरे जस्तो लाग्दैन।

त्यस्तै हाम्रो विनम्र अनुरोध स्वीकार गरी आजको मुख्य अभिव्यक्ति जो यहाँहरूले सुन्नुभो त्यो तयार पार्नुहुने कविवर माधव घिमिरे धेरै धन्यवादका पात्र हुनुहुन्छ।

अव त वाँकी रहयो- यहाँहरू सबैलाई धन्यवाद टक्र्याउनु। हरेक वर्ष भन्ने गरेझैं, हामी आजको दिनलाई पर्वको रूपमा लिन्छौं। मानौं- नेपाली भाषा-सरस्वतीको मन्दिरमा नेपाली भाषा-साहित्यप्रेमी समस्त नेपालीको प्रतिनिधित्व गर्दै पूजा-अर्चनाका लागि यहाँहरू पाल्नुभएको हो भन्ने धारणा हामीले लिएका छौं। तिहारको मुखमा महालक्ष्मीको अभ्यर्थनापट्टि लाग्न एकछिन भए पनि छोडेर महासरस्वतीको मन्दिरमा पाल्नुहुने कष्ट गरी यो समारोहलाई फलीभूत पारिदिनुभएकोमा यहाँ सबैमा सविनय धन्यवाद टक्र्याउँछु।

रातो वङ्गला स्कूलको प्राङ्गण उपलब्ध गराइदिएकोमा सो स्कूलका प्रशासकहरूलाई, समारोहको सवै प्रबन्ध मिलाइदिएकोमा गुठीका कार्यालय-सचिव तथा जगदम्बा अफसेटका व्यवस्थापक तथा उहाँका सहयोगीहरू र समारोहपछिको जलपान तयार पार्ने गृहलक्ष्मी र उहाँका कर्मचारीलगायत सबैलाई यथावत् धन्यवाद नदिए मेरो काम अधुरो हुन्छ।

अन्त्यमा, यो समारोह सुचारू रूपले सञ्चालन गरेकोमा र अतिथिहरूलाई रित्तो हात फर्कनु नपर्ने गरी पुस्तक २ को वितरण व्यवस्था मिलाइदिनुभएकोमा वदान्य अध्यक्षज्यूलाई पनि धन्यवाद छ।

जलपान पछिबाट पाल्नुहुँदा कृपया एकएकप्रति पुस्तक लिई आफ्नो नाम र ठेगाना वा टेलिफोन स्पष्ट बुझिने गरी लेखिदिनुभए बहुतै असल हुने थियो।

अध्यक्षज्यूका आज्ञाले सभा यहीं विसर्जन हुन्छ, अब लागौं चमेनाघरतिर।

☒ ☒ ☒